नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

# आ.व. २०८०/८१ को तेस्रो त्रैमासिक प्रतिवेदन




२०८१।०१।०२

## आ.ब. २०८०/०८१ को तेस्रो त्रैमासिकमा सम्पादित मुख्य कार्य र सोको प्रगति विवरण

| सि.नं. | सम्पादित कामको विवरण | |
|---|---|---|
| १ | नागरिकताको प्रमाण पत्र वितरण | महिला -९५२, पुरुष-९८१, जम्मा -१९३३ |
| २ | नागरिकताको प्रमाण पत्रको प्रतिलिपि | महिला -८८८, पुरुष-१०९८, जम्मा -१९८६ |
| ३ | नागरिक एपबाट प्राप्त गुनासोहरु संबोधन अनुसूची अनुसार CIMS मा संशोधन | ६०३ |
| ५ | अभिलेख डिजिटाइजेसन (नागरिकताको अभिलेख Scan) | ६६० |
| ६ | E-passport (Enrolment) | महिला-१२२२, पुरुष-२२८७, नाबालक-१३१, जम्मा -३७४० |
| ७ | राष्ट्रिय परिचय पत्रको विवरण संकलन | महिला - २४८६, पुरुष-२४८०, जम्मा -४९४८ |
| ८ | विपदवाट प्रभावित घरको संख्या | - |
| ९ | विपद् प्रभावितलाई वितरण गरिएको राहत | २०००००/- |
| १० | संस्था दर्ता ऐन, २०३४ वमोजिम दर्ता भएको संस्थाको संख्या | १० |
| ११ | नविकरण भएका संस्थाहरुको संख्या | ७६ |
| १२ | अन्य जिल्लामा दर्ता भएका संस्थाको शाखा कार्यालय स्थापना गर्न स्वीकृती दिएको संख्या | - |
| १३ | संस्थाको विधान संशोधन | - |
| १४ | राजश्व संकलन (राहदानी दस्तुर,धरौटी र संस्था दर्ता/नविकरण) | राहदानी :६८२५५००७<br>प्रशासनीक दण्ड जरिवाना : ७५४९८८३.५<br>अन्य प्रशासनिक सेवा शुल्क : ३१,५००<br>बेरुजु:४४९२९<br>कम्पनी रजिष्ट्रेशन दस्तुर:४४४९००<br>परिक्षा शुल्क : ४१४०१<br>जम्मा: ७६३६७६२०.५ |

जिल्ला प्रशासन कार्यालय

सहायक प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| १५ | • मुद्दा दर्ता<br>• मुद्दा फछ्यौंट संख्या | ११<br>१३ |
| १६ | सवारी तथा यातायात व्यवस्था ऐन वमोजिम क्रिया खर्च र क्षतिपूर्ति भराउन परेका निवेदन | १४ |
| १७ | ठाडो उजुरी सख्या | ५६ |
| १८ | नाबालक परिचय पत्र वितरण | २१८ |
| १९ | आदिवासी/जनजाती, दलित, मधेशी र खस आर्य प्रमाणित | ५९ |
| २० | भारतिय सैनिकको नाम, थर, उमेर फरक परेको सिफारिस र प्रमाणित तथा पारिवारिक पेन्सन सिफारिस संख्या | १६६ |
| २१ | भारतिय सैनिक बाहेक अन्यको विवरण फरक परेको व्यहोरा प्रमाणित | १८५ |
| २३ | चालचलन प्रमाणित | ३८ |
| २४ | लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्रहरुको अनुगमन | ३ |
| २५ | सुरक्षा समितिको बैठक | ९ |
| २६ | कसूरजन्य सम्पत्ति व्यवस्थापन जिल्ला स्तरीय समिति | १ |
| २९ | जिल्ला विपद व्यवस्थापन समितिको वैठक संख्या | १ |
| ३० | राजनीतिक दलसँग समन्वय बैठक | १ |
| ३१ | कार्यालय प्रमुखको बैठक | ३ |
| ३२ | विविध बैठक | ७ |

१.शान्ति सुरक्षा तथा अपराध नियन्त्रण :

यो जिल्ला चितवन, पाल्पा, तनहुँ र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) संग जोडिएको छ । अपराधिक दृष्टिकोणले बढी संवेदनशिल त देखिदैन तथापी महेन्द्र राजमार्गको ७० कि.मि. यसैमा पर्ने हुनाले सडक दुर्घटना, लागु औषध ओसारपसार तथा दर्व्यसनी, प्राकृतिक स्रोत साधनको दोहन, चोरी निकासी पैठारीका विषयमा संवेदनशिल नै देखिन्छ । हालको अवस्था सामान्य रहेको छ ।

<u>शान्ति सुरक्षा तथा अपराध नियन्त्रणका सम्बन्धमा भएका कार्यहरु :</u>

जिल्ला प्रशासन कार्यालय

सहायक प्रमुख जिल्ला अधिकारी

- Crime Map सहितको एकीकृत रणनीतिक योजना, २०८० अद्यावधिक गरी कार्यान्वयन भएको ।
- एकीकृत रणनीतिक सुरक्षा योजनाको क्षेत्रगत कार्ययोजना, २०८० अद्यावधिक गरी कार्यान्वयन भएको ।
- दशै, तिहार, छठ लगायतका चाडपर्व लक्षित संयुक्त सुरक्षा योजना, २०८० तर्जुमा गरी कार्यान्वयन भएको ।
- शितलहरबाट हुन सक्ने जोखिम न्यूनिकरण सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तयार गरी कार्यन्वयन गरीएको ।
- गण्डकी प्रदेश नवलपरासी(ब.सु.पु) विनयी त्रिवेणी गाउँपालिका वडा नं ७ त्रिवेणी स्थित नारायणी नदि किनारामा मिति २०८०/१०/२५ गते देखी मिति २०८०/१०/२६ गते सम्म लाग्ने माघी औशी मेला २०८० मा सुरक्षा व्यवस्थालाइ थप व्यवस्थित एवं सुदृढ गराउन "माघी औशी मेलाको एकीकृत सुरक्षा योजना-२०८०"तयार गरी कार्यान्वयन गरीएको ।
- गण्डकी प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८० लाइ सुरक्षित तथा शान्तिपुर्ण तवरबाट सम्पन्न गराउनको लागि जिल्ला सुरक्षा समितिको समन्वय र सहकार्यमा एकीकृत सुरक्षा योजना तयार गरी कार्यान्वयन गरिएको ।
- गण्डकी प्रदेश नवलपरासी(व.सु.पु) विनयी त्रिवेणी गाउँपालिका वडा नं ६ र लुम्बिनी प्रदेश नवलपरासी(व.सु.प) को सुस्ता गा.पा वडा नं २ गरी दुवै जिल्लाको भौगोलिक क्षेत्रमा मदारबाबाको मजारमा मिति २०८०/११/१७ देखी मिति २०८०/११/२५ सम्म लाग्ने **मदारबाबा धार्मिक मेला** अवधिभर सुरक्षा व्यवस्थालाइ थप ब्यवस्थित एवं सुदृढ गराउन बिगतका बर्षहरुको अपराधिक घटनाहरुको बिश्लेषण एवं अध्ययनबाट मदारबाबा मेलाको एकीकृत सुरइ योजना तयरा गरिएको छ
- नवलपरासी(ब.सु.पू) मा **हावाहुरी र आगालागीबाट हुन सक्ने जोखिम न्युनिकरण सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना,** २०८० तयार गरी हावाहुरी तथा आगालागीको असरबाट वन जंगल तथा बस्तिहरु जोगाउन विशेष सतर्कता अपनाउन सचेतनामुलक सन्देश प्रवाह गर्नुका साथै विपन्न समुदाय तथा बस्तीहा व्यक्ति

जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) कावासोती २०६४

सहायक प्रमुख जिल्ला अधिकारी

परिवारलाइ आवश्यक सहयोग पुर्याउनको लागि सबै सरोकारबाला मिलेर कार्ययोजना कार्यान्वयनमा ल्याइएको ।

- माध्यमिक शिक्षा कक्षा १० (एस.इ.इ) परिक्षा लाइ सुरक्षित व्यवस्थित तथा शान्तिपुरण तरिकाले गर्ने गराउने र परिक्षा अवधिभर कुनै पनि किसिमको अप्रिय घटनाहरु हुन नदिन एकिकृत सुरक्षा योजना निर्माण गरी कार्यन्वयन गरिएको ।
- जिल्ला सुरक्षा समितिको बैठक - हालसम्म २२ पटक बसी जिल्लाको शान्ति सुरक्षा लाई समन्वयात्मक रुपमा प्रभावकारी बनाईएको ।
- राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नु पर्ने सुरक्षा कार्वाहीको कार्यविधि, २०७५ बमोजिम राजमार्ग सुरक्षा कार्ययोजना, २०८० तयार गरी कार्यान्वयन भएको ।
- सुरक्षा निकायको निरीक्षण - ३ पटक
- दैनिक रुपमा जाहेरी पठाउने गरिएको (DRS प्रतिवेदन) ।

## २.सुशासन र सेवा प्रवाह

- **२०८०/८१ तेस्रो त्रैमासिकसम्म सम्पन्न बैठक :**
    - जिल्ला सुरक्षा समितिको बैठक : २२ पटक
    - जिल्ला विपद व्यवस्थापन समितिको बैठक : ३ पटक
    - कार्यालय प्रमुखको बैठकको निर्णय :९ पटक
    - सूचना अधिकारीको बैठक : ३ पटक
    - कसुरजन्य सम्पत्तिको जिल्लास्तरीय अनुगमन तथा मुल्याङकन समितिको बैठक: ३ पटक
    - राजनीतिक दलसंगको समन्वय बैठक -३
    - राजस्व चुवावट नियन्त्रण समितिको बैठक -३
    - स्टाफ बैठक - ९
- सेवा प्रवाह सरल र सहज बनाउनको लागि यस कार्यालयको वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको ।
- यस कार्यालयका अधिकृत कर्मचारीहरुसंग कार्यसम्पादन सम्झौता गरी कार्य गर्ने गरिएको ।

जिल्ला प्रशासन कार्यालय

सहायक प्रमुख जिल्ला अधिकारी

- मासिक रुपमा कार्यालय प्रमुखको नियमित बैठक बस्ने गरेको । सूचना अधिकारीको बैठक प्रत्येक ३/३ महिनामा बस्ने भएको । स्वतः प्रकाशन (proactive disclosure) समयमा नै प्रकाशित गर्ने गराउने गरिएको । प्रत्येक महिनामा मासिक प्रतिवेदन प्रकाशन गर्ने/गरिएको।

- **राजश्व चुहावट अनुगमन तथा नियन्त्रण**
  जिल्लाभित्र राजश्व चुहावट नियन्त्रण गरी आर्थिक अनुशासन कायम गर्ने तथा अर्थतन्त्रमा सकारात्मक योगदान दिने उद्देश्य सहित राजश्व चुहावट अनुगमन तथा नियन्त्रण समितिको बैठक बस्ने गरेको ।
- **सरकारी कार्यालय निरीक्षण : ९पटक**
- **संघ सस्था अनुगमन र मन्त्रालय प्रतिवेदन :-** संस्था दर्ता ऐन, २०३४ बमोजिम यस कार्यालयमा दर्ता भएका १० वटा संघ सस्थाको अनुगमन भएको ।
- **बजार अनुगमन :** ९ पटक

## ३.लागु औषध नियन्त्रण

- विद्यालय, क्याम्पस, युवा क्लवमा युवा लक्षित गरी २२ पटक सचेतना कार्यक्रम सञ्चालन गरिएको ।
- लागु औषध पुनर्स्थापना केन्द्रको अनुगमन : ३ पटक
- लागू औषधको कारोबार, उपयोग तथा ओसारपसार नियन्त्रणको लागि निरीक्षण तथा अनुगमन नियमित रुपमा गर्ने गरेको ।
- लागु औषध नियन्त्रणका लागि सुरक्षा निकाय र सरोकारवा ल निकाय सँग वसन्वय र अन्तरक्रिया कार्याक्रम संञ्चालन गरिएको ।

## ४.विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन :

- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना,२०८० र मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० तर्जुमा गरी कार्यान्वयनमा रहेको ।
- शितलहरबाट हुन सक्ने जोखिम न्यूनिकरण सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना तयार गरी कार्यन्वयन गरीएको ।

जिल्ला प्रशासन कार्यालय

सहायक प्रमुख जिल्ला अधिकारी

- नवलपरासी(ब.सु.पू) मा हावाहुरी र आगालागीबाट हुन सक्ने जोखिम न्युनिकरण सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८० तयार गरी हावाहुरी तथा आगालागीको असरबाट वन जंगल तथा बस्तिहरु जोगाउन विशेष सतर्कता अपनाउन सचेतनामुलक सन्देश प्रवाह गर्नुका साथै विपन्न समुदाय तथा बस्तीहा व्यक्ति परिवारलाइ आवश्यक सहयोग पुर्याउनको लागि सबै सरोकारबाला मिलेर कार्ययोजना कार्यान्वयनमा ल्याइएको
- DEOC र LEOC चलायमान बनाउन समन्वय बैठक सञ्चालन - ३ पटक
- जिल्ला विपद व्यवस्थापन समितिको बैठक -३ पटक
- स्थानीय तह, सुरक्षा निकाय तथा सरोकारवाला निकायको समन्वयमा विपद् खोजी तथा उद्धारका कार्यहरु गर्ने गरिएको ।
- <u>राहत वितरण :</u> विनयी त्रिवेणी गाउँपालिका वडा नं. ४ निवासी वर्ष ५७ को छबे सारुको मिति २०८०।०३।०६ गते चटयाङ्गमा परी मृत्यु भएकोले निजको पत्नि कुवारी सारुको मिति २०८०।०४।३२ को निवेदनसाथ संलग्न कागजातको आधारमा विपद पीडित उद्दार र राहत सम्बन्धी (सातौ संशोधन) मापदण्ड २०७७ को दफा २ (क) बमोजिम २०००००(दुई लाख) रुपैया राहत रकम मृतककी पत्नी कुवारी सारुलाई उपलव्ध गराइएको ।
- मिति २०८० आश्विन २५ गते सडक दुर्घटना उद्दार संयुक्त अभ्यास गरिएको ।
- शितलहरबाट प्रभावित घर परिवारलाइ ६० थान कम्बल वितरण गरिएको ।

**५.मुआब्जा वितरण तथा विकास सहजीकरण :**

- मिति २०८०।४।१६ मा नेपाल विद्युत प्राधिकरण, हेटौंडा- भरतपुर-बर्दघाट २२० के.भि. प्रशारण लाईन आयोजनाको भरतपुर-बर्दघाट खण्डको सुनटाँडी-२, दुम्कीबास क्षेत्रको मार्गाधिकार (Right of Way) मा पर्ने बालीनाली तथा बोट बिरुवाको क्षतिपूर्ति रकम निर्धारण गर्न क्षतिपूर्ति निर्धारण समितिको बैठक बसी क्षतिपूर्ति रकम निर्धारण गरिएको ।
- मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसीए नेपाल) अन्तर्गत कार्यान्वयन भैरहेको डबल सर्किट ४०० के.भि. क्षमताको विद्युत प्रसारण आयोजनाको नयाँ बुट्वल देखि नयाँ दमौली खण्ड अन्तर्गत नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

सहायक प्रमुख जिल्ला अधिकारी

जिल्लाको विनयी त्रिवेणी गाउँपालिकामा पर्ने टावरहरुको जग निर्माण गर्ने प्रयोजनको लागि आवश्यक पर्ने जग्गा प्राप्ति गर्ने सम्बन्धमा मिति २०८० श्रावण १८ मा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिम गठित समितिको बैठक सम्पन्न भएको ।

- हेटौंडा- भरतपुर-बर्दघाट २२० के.भि. प्रशारण लाईन आयोजनाको दुम्किवास क्षेत्रमा प्रशारण लाईन तान्ने क्रममा स्थानीयबाट भएको अवरोध हटाउन भरपर्दो शान्ति सुरक्षा व्यवस्थाका साथै सम्बन्धित पक्षसँग छलफल गरी कार्य सम्पन्न गर्न सहजीकरण गरिएको ।
- नारायणघाट-बुटवल सडक, पूर्वी खण्डको सडक निर्माण कार्यलाई तिब्रता दिन अनुगमन, प्रगति समीक्षा बैठक गरिएको । सवारी आवगमनलाई सहज, सुरक्षित र भरपर्दो बनाउन वर्षातको कारण क्षति पुगेको यस जिल्लाभित्रका राजमार्ग/ सडकका खाल्डा पुर्ने, मर्मत संभार कार्य गर्न निर्देशन दिइएको । साथै उक्त सडक आयोजना निर्माणको क्रममा प्राप्त गुनासो संवोधनका लागि सहजीकरण गरेको ।
- होङसी सिमेन्ट प्रा. लि. मा चुनढुंगा ढुवानीमा देखिएको अवरोध हटाउन सम्वन्धित पक्षहरुसंग पटक-पटक छलफल र वार्ता गरी समस्या समाधान गर्न सहजिकरण गरिएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती
२०७४

२०८०/१२/२५
सहायक प्रमुख जिल्ला अधिकारी